# चाँगुनारायण नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न चाँगुनारायण नगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नगरपालिकाको कार्य रहेको छ । यो नगरपालिका अर्न्तगत ९ वडा रहेको ४९ सभा सदस्य ६२.९८ व.की.मी. क्षेत्रफल, ५५४३० जनसंख्या र ३ नं. प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चित कोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आय व्यय हिसाव सहितको २०७५।७६ को संचित कोषको संक्षिप्त अवस्था निम्नवमोजिम रहेको छ :

| आम्दानी | | | खर्च | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | जम्मा रकम | विवरण | रकम | जम्मा रकम |
| गत वर्षको मौज्दात | | २१४४५८६०९.७ | चालु खर्च | | ४३९७८६९५३.२ |
| संचित कोष खाता | १८२३०६४२८ | | आन्तरिक चालु | १०७९६७४१७ | |
| धरौटी खाता | २२०३५७९४.४ | | सामाजिक सुरक्षा | ६७३४०४०० | |
| मर्मत संभार कोष खाता | ६९१२४९६.७८ | | गरिब सँग विश्वेश्वर | ५८८००० | |
| कर्मचारी कल्याण कोष खाता | ३२०३८९० | | LGCDP | ३०५३७५ | |
| | | | प्रधानमन्त्री रोजगार | ३३४२५६८ | |
| यस आव को आम्दानी | | | प्रदेश शशर्त | १०९१००० | |
| नेपाल सरकार अनुदान | | ५८६६५६००० | नेपाल सरकार शशर्त | २५०१९५९९३ | |
| वित्तिय समानिकरण अनुदान | १५८६००००० | | सामाजिक सुरक्षा बेरुजु दाखिला | ८९२६२०० | |
| सशर्त अनुदान | २७९७५०००० | | | | |
| विशेष अनुदान | ३७३७८००० | | | | |
| समपुरक अनुदान | २९५८२००० | | | | |
| समानिकरण अनुदान गोसपुल | ८१३४६००० | | | | |
| प्रदेश सरकार अनुदान | | १११०३४००० | पूँजिगत खर्च | | ४७६६५१५१४.७ |
| समानिकरण अनुदान | ८७४३००० | | नेपाल सरकार समानिकरण अनुदान | १५३६९१२४६ | |
| सशर्त अनुदान चालु | १०५७२७५० | | नेपाल सरकार समानिकरण गोसपुल | ७११९७२१६ | |
| सशर्त अनुदान पूजिगत | ३१७१८२५० | | नेपाल सरकार समपुरक अनुदान | २३८१८१०८ | |
| विशेष अनुदान | ५००००००० | | नेपाल सरकार विशेष अनुदान | ५५१८००० | |
| समपुरक अनुदान | १०००००००० | | राजश्व बाँडफाँड | ३१६५८४३९ | |
| | | | गोसपुलको खर्च घटाईएको | -९१००००० | |
| आन्तरिक आम्दानी | | ४६७७४२८४२.७ | गत वर्षको बेरुजु दाखिला फाँटवारीमा समावेश नभएकोले खर्च बढाएको रु | २०२५० | |
| सामाजिक सुरक्षा | | ७६७४०००० | प्रदेश सरकार समानिकरण अनुदान | ८२२०६२५.२४ | |
| गरिव सँग विश्वेश्वर | | ५६८००० | प्रदेश सरकार समपुरक अनुदान | ५२७०००० | |
| स्थानीय पूर्वाधार तथा साझेदारी विकास | | ३३८००००० | प्रदेश सरकार विशेष अनुदान | ३६००१२३३.९ | |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | | ३८५४००० | राजश्व बाँडफाँड | ७४७२६३.७५ | |
| एल जि सि डि पी | | ३०५००० | प्रदेश सरकार सशर्त अनुदान | ३१६५८४३९ | |
| कर्मचारी कल्याण कोष आम्दानी | | ५००००० | आन्तरिक पुजिगत | ८२५५६३१६.९ | |
| कन्टिन्जेन्शी र मर्मत कोष आम्दानी | | १२४१०९९२.२२ | स्थानीय पूर्वाधार तथा साझेदारी विकास | ३३२९४३७७ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सञ्चार सुविधा( मासिक दरमा) | १८०००.० | १२०००.० | ९८००.० | ० | ० | ३९८००.० |
| बैठक भत्ता (बैठक संख्याको आधारमा) | | | | | | |
| खाजा खर्च | | | | | | |
| अन्य बैठक भत्ता | | | | | | |
| यातायातखर्च मासिक | | | | | | |
| | | | | | जम्मा: | ५८४७८००.० |

५. **कानुन निर्माण र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस व्यवस्था अन्तर्गत यस बर्ष नगरपालिकाले ८ वटा ऐन, ३ वटा नियमावली, कार्यविधि १४ वटा, निर्देशिका ७ वटा र विधेयक ४ वटा गरी जम्मा ३६ वटा कार्य विधि तर्जुमा गरेकोमा ७ वटा मात्र राजपत्रमा प्रकाशित भई २९ वटा राजपत्रमा प्रकाशित भएका छैनन् राजपत्रमा प्रकाशित नभएकालाई राजपत्रमा प्रकाशन गर्न बाँकी देखिन्छ । नगरपालिलाई आवश्यक पर्ने अन्य ऐन, नियम निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।

| सि.नं. | कानुनको नाम |
|---|---|
| १. | नगर कार्यपालिका कार्यसम्पादन नियमावलि, २०७४ |
| २. | नगर कार्यपालिकाको बैठक सञ्चालन सम्वन्धि कार्यविधि, २०७४ |
| ३. | नगर कार्यपालिकाको कार्य विभाजन नियमावलि, २०७४ |
| ४. | नगर सभा सञ्चालन कार्यविधि, २०७४ |
| ५. | आर्थिक विधेयक २०७४ |
| ६. | विनियोजन विधेयक २०७४ |
| ७. | बजार अनुगमन निर्देशिका, २०७४ |
| ८. | योजना सञ्चालन निर्देशिका, २०७४ |
| ९. | दैनिक प्रशासन कार्य सञ्चालन कार्यविधि, २०७४ |
| १०. | शिक्षा ऐन, २०७४ |
| ११. | सहकारी ऐन, २०७४ |
| १२. | कृषि प्रवद्र्धन ऐन, २०७४ |
| १३. | जन प्रतिनिधि, पदाधिकारी तथाकर्मचारीहरुको आचारसंहिता, २०७४ |
| १४. | विनियाोजन ऐन २०७४ लाई संसोधन गर्न भनेको ऐन २०७४ |
| १५. | जग्गा विकास निर्देशिका, २०७४ |
| १६. | निर्माण व्यवसाय नियमन निर्देशिका, २०७४ |
| १७. | शिक्षा नियमावलि, २०७४ |
| १८. | राजपत्रको ढाँचा अनुमोदन, २०७४ |
| १९. | न्यायिक समिति सञ्चालन कार्यविधि, २०७५ |
| २०. | आर्थिक विधेयक २०७५ |
| २१. | विनियोजन विधेयक २०७५ |
| २२. | साधारणा निर्माणमुखी तथा खानीजन्य पदार्थ उत्खन्न अाुसार पसार एवं विक्रि वितरणा सम्न्धि कार्यविधि २०७५ |
| २३. | टोल विकास संस्था सञ्चालन कार्यविधि २०७५ |
| २४. | खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७५ |
| २५. | स्थानिय विपद जोखिम व्यवस्थापन तथा जलवायु अनुकुलन सिकाई केन्द्र (संचालन तथा व्यवस्थापन निर्देशिका) २०७४ |
| २६. | अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५ |
| २७. | चाँगुनारायण नगरपालिकाको आन्तरिक आय संकलन(ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ |

